आज मिति २०८२ साल कार्तिक महिनाको ३० गतेका दिन बिहानको ८:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८२/८३ को पाँचौ बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | धुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर वस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता वि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर वि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | बोधीराम पोखेल | ५ नं.वडा का.वा. अध्यक्ष |
| | विकास के.सी | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | दामोदर उपाध्या | का.स. |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/६/२९ गते बसेको आ.व. २०८२/८३ को चौथो बैठकबाट प्रारम्भिक वातावरणीय परीक्षणको लागि कार्यसूची स्वीकृत भएको र प्रतिवेदन प्राप्त हुन बाँकी रहेको, बतासेडाँडा - ज्यामुरखोला सडकको रकम भुक्तानी भएको र स्रोतको सुनिश्चिता नभएको कारण रकम रु ११,९६,६३५। भुक्तानी दिन बाँकी रहेको, योजनाको सर्भे गर्ने काम सम्पन्न भई ठेक्का लगाउने चरणमा रहेको, शिक्षा तर्फको डिजिटल बोर्ड खरिदको ठेक्का लगाउने कार्य अन्तिम चरणमा पुगेको, शिक्षक दरवन्दी मिलानको कार्य अन्तिम चरणमा पुगेको, ब्याक हु लोडर खरिदको कार्य प्रक्रियामा रहेको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं २ बतासेडाँडा - ज्यामुरखोला सडकको सर्भे डिजाईन र ठेक्का सम्वन्धमा ।**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि व्यापक छलफल गर्दा बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड)को चालु आ.व. २०८२/८३ देखि संघीय सरकारकबाट बहुवर्षिय योजनाको रुपमा समपुरकतर्फ हस्तान्तरित योजनाको बाग्दुला बतासेडाँडा मच्छी लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत (बतासेडाँडा-मच्छी खण्ड कालोपत्र ) योजनाको विस्तृत रुपमा विस्तृत सर्भे, डिजाईन, स्टमेट तयारीको लागि यस झिमरुक गाउँपालिकामा रहेको विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने भएको कारण सेवा परामर्श सेवाबाट उक्त कार्य सञ्चालन गर्ने निर्णय गरियो । सो कार्यको लागि गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा सेवा र परामर्श खर्च शीर्षकमा विनियोजिन गरिएको बजेट रकमबाट रु ५,००,००० (अक्षेरेपि) पाँचलाख रकम स्रोतको सुनिश्चित गर्ने निर्णय गरियो । विस्तृत सर्भे, डिजाईन, स्टमेट तयारी पश्चात झिमरुक गाउँपालिका वडा नं. ६ को वतासेडाँडादेखि योजनाको निर्माण कार्य अगाडि वढाउने गरी तत्काल नियमानुसार ठेक्काको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ शिक्षकहरुको दरवन्दी मिलान सम्वन्धमा ।**

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८२/७/२६ गते बसेको बैठकको निर्णयबाट शिक्षक, कर्मचारी दरवन्दी मिलान, कक्षा घटुवा, शिक्षक व्यवस्थापन लगायतका निर्णयहरु स्वीकृतको लागि सिफारिस गरे वमोजिम उक्त विषयमा व्यापक छलफल भई उक्त गाउँ शिक्षा समितिका निर्णयहरु सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

**प्रस्ताव नं. ४ बजेटको सुनिश्चितता सम्वन्धमा ।**

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत रहेका तपसिल वमोजिमका योजना/आयोजनाहरुको निर्माण तथा मर्मत कार्य तत्काल गर्नु पर्ने भएको र कतिपय योजनाहरुको गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार निर्माण कार्य सम्पन्न भई स्रोतको सुनिश्चितता नभएको हुँदा तपसिल वमोजिमका साविकका योजना/कार्यक्रमहरुबाट संशोधित योजना/कार्यक्रमहरुमा वजेट रकमान्तर तथा स्रोतको सुनिश्चितता गर्ने निर्णय गरियो । साथै वजेट सुनिश्चितता गरिएका योजना/कार्यक्रमहरुको तत्काल कार्यान्वयनको प्रक्रिया अगाडि वढाउने, बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड) र वडा नं.७ को वडा कार्यालय भवन निर्माण योजनाको भुक्तानीको लागि स्रोतको सुनिश्चितता समेत भएको हुँदा नियमानुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | संशोधित योजना/कार्यक्रमको नाम | ठेगाना | बजेट रकम | साविकका योजना तथा कार्यक्रमको नाम |
|---|---|---|---|---|
| १. | आधारभूत स्वास्थ्य एकाइ कुता अधुरो भवन निर्माण | झिमरुक-७, कुता | ४,००,०००। | |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २. | बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड) | झिमरुक-६ | ११,९६,६३५। | पारिश्रमिक कर्मचारी |
| ३. | वडा नं.७ को वडा कार्यालय भवन निर्माण | झिमरुक-७ | २५,७२,३१३। | |
| ४. | भिमसेन आ.वि. बौडा भौतिक पूर्वाधार निर्माण | झिमरुक-४ | २,७०,०००। | |
| ५. | विद्युतद्वारा सञ्चालनमा आएका लिफ्ट खानेपानी आयोजनाहरुको विद्युत महसुलको ५० प्रतिशत रकम गाउँपालिकाबाट अनुदान | झिमरुक गा.पा. | ३,००,०००। | जोखिम भत्ता |
| ६. | बरवाङ्ग चिसावाङ्ग कुटिचौर सिंचाई कुलो मर्मत | झिमरुक-६ | ३,५०,००० | चाडपर्व खर्च |
| ७ | बरवाङ्ग ठुलो सिंचाई कुलो मर्मत | झिमरुक-६ | ३,००,०००। | |
| ८ | हरियाटारी सिंचाई कुलो मर्मत | झिमरुक-६ | ४,१५,०००। | झिमरुक गाउँपालिका भित्रका विभिन्न खानेपानी तथा सिंचाई संरचना मर्मत |
| ९ | छातिपाटा किटघाट फाँट सिंचाई कुलो मर्मत | झिमरुक-७ | १,००,०००। | |
| १० | हरियफेदी झो.पु मर्मत | झिमरुक-४ | १,००,०००। | अन्य भत्ता |

**प्रस्ताव नं. ५ व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० संशोधन सम्वन्धमा।**

**निर्णय नं. ५**

प्रस्ताव नं ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८० लाई कार्यविधिको दफा १७ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम संशोधन गर्न आवश्यक देखिएकोले उक्त कार्यविधिमा देहाय वमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्तावना झिमरुक गाउँपालिकाको व्याक हु लोडर सञ्चालन तथा व्यवस्थान कार्यविधि,२०८०मा समसामयिक संशोधन गर्न बाञ्छनिय भएकोले कार्यविधिको दफा १७ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट यो कार्यविधि बनाईएको छ।

**१.सक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम झिमरुक गाउँपालिकाको व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि,(पहिलो संशोधन)२०८२ रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. **झिमरुक गाउँपालिकाको व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८० को दफा १५ संशोधन-** झिमरुक गाउँपालिकाको व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८० को दफा १६ बमोजिम कार्यविधिमा दफा १५ छुट भएकोले दफा १५ थप गरी देहाए बमोजिम राखिएको छ।

**दफा १५ व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कोष सम्बन्धी व्यवस्था:** (१) गाउँपालिकामा एउटा व्याक हु लोडर सञ्चालन तथा व्यस्थापन कोष रहने छ। यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिने छ।

क. गाउपालिकाबाट सञ्चालन हुने आयोजनाहरुमा व्याक हु लोडर प्रयोग भइ आम्दानी भएको रकम।

ख. उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरुमा व्याक हु लोडर प्रयोग भइ आम्दानी भएको रकम।

ग. गाउँपालिकाले व्याक हु लोडर मर्मत तथा इन्धन बापत विनियोजन गरेको रकम।

(२) उपदफा- १ बमोजिमको कोषबाट तपसिल बमोजिमका शीर्षकहरुमा बाहेक अन्य कुनै शीर्षकमा खर्च गरिने छैन।

क. व्याक हु लोडर चालक र सहयोगीलाई दिइने तोकिए बमोजिमको तलव भत्ता रकम।

ख. इन्धन खर्च।

ग. मेशिनरी औजार उपकरण पाटपुर्जाको मर्मत तथा खरिद खर्च।

घ. मेशिन सञ्चालन गरे वापत नेपाल सरकारलाई तिर्नु पर्ने कर रकम।

ङ. व्याक हु लोडर सञ्चालन समितिको यातायात तथा चिया, खाजा खर्चको रकम।

च. गाउँ कार्यपालिकाको वैठकको निर्णय वमोजिम अन्य शीर्षकहरुमा पनि खर्च गर्न सकिने छ।

छ. मेशिन सञ्चालन गर्दा आइ पर्ने विविध तथा भैपरी खर्च।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्याकुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नं. ६ आकस्मिक रुपमा सडक मर्मत गरेको रकम भुक्तानी सम्वन्धमा ।**

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार झिमरुक गाउँपालिकाका सबै वडाका विभिन्न मो.बा. मर्मत ( कार्य पालिका बैठकबाट स्थान तोक्ने गरी) शीर्षक अन्तर्गत सबै वडाका विभिन्न मोटरबाटो मर्मत शीर्षकमा विनियोजन गरिएको वजेटलाई देहाय अनुसारको स्थान तोक्ने र उक्त मो.वा.मा मर्मत गर्दा भएको खर्च नियमानुसार भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| वडा नं. | मोटरबाटाहरुको नाम | रकम रु |
|---|---|---|
| १. | सौतामारेफेदी जाबुने, लाकुरीखरु सौतामारे पोखरेछेडा, ठोक्रेसेखोला पोखरीडाँडा, विड्डाडाफेदी विड्डाडा, सौतामारेफेदी विड्डाडाफेदी दोवाटा फूर्सेधारा, फूर्सेधारा तिलचने अर्घाखाँची, हुलाके धनगाडा, पोखरेछेडा जुरेढुङ्गा, बालुवा बडाचौर, सिम भगेरी, मैदलपाटा बेताने डाँडाखर्क चिप्लेटी, सालारुख दाद्रा, सालारुख बडाचौर, पातिहाल्ना बडाचौर, पातिहाल्ना लामीचौर, सौतामारेफेदी गातिना दुवाचौर डाडाखर्क, तालेघर भुजेलवास, डाडाखर्क धारापानी, काभ्रारुख वुढाचौर अमर प्रा.वि.,बाग्मारा सिमलखर्क, जाबुने तल्ला गाउँ पोखरेछेडा, भिड्डाडा उर्लेनी तल्ला गाउँ, तल्ला खर्क साखिने, जाने मो.वा.मर्मत | ७,००,०००। |
| २. | सिमचाद गडेरपानी, गडेरपानी तिलहाल्ना, अगारा थापाचौर, गैरागाउँ मैदान, भतेरचौर गडिकोट, गडीकोट काशिपोखरा, चिप्लेटी काउले, देउराली रातापोखरा, कमेपानी खपटे, बादिकोट देउराली नारिकोट देउराली, चोरमारे चिप्लेटी, चिप्लेटी बडाचौर, चिप्लेटी डाडाखर्क, पधेरापाल्ला म्यालखाडा, पधेरापाल्ला तिलहाल्ना, कमेरपानी गैडिकुटा, देउराली घुम्ती बन्चरे गौडा, देउराली घुम्ती रातापोखरा, चिप्लेटी धोद्रा, रातापोखरा बडाचौर, देउराली हिले मो.वा.मर्मत | ५,००,०००। |
| ३. | ढाड बाँदिकोट, नब्बे ढाकेडी थापाचौर कृषि सडक, नब्बे भेडावारी, स्यालखोला सिम्लेनी,आरुपाटा आफ्रेखोला माझमेला,पपिलनेटा समल्धारा,आहाल धनमुडा,बाँदीखोला दारिमचौर,डाँडाडिही सियाला,अमराई सियाला,चिसापानी कैरलपाटा,धारापानी सिस्नेखोला पेदीपाटा,फेदीपाटा मैदान,तिलहाल्ना गडेरपानी,धरमपानी साल्ले,हल्ते कचहरे,विसौना कुटेडाडा,मैनथापा पोखरीसल्लेधारा, भेडाबारी तिलहाल्ना ,साल्ले पिपलारुख मैदान,लामासेरा हरिय,नब्बे भलापाटा, लामासेरा साठीमुरे, मो.वा. मर्मत | ५,५०,००० |
| ४. | चुधारा फेदी हुराना कम्दले, नेवरेखोला, बाङ्गे बौडा, च्याउखोला, दोरलोटे पोखरी, गोल्खाडा भुल्के, कुर्लेखोला वडा कार्यालय भुल्के, कुर्लेखोला कौछे, चुधाराफेदी चौर सिम्लेनी मो.वा.मर्मत | ८,००,०००। |
| ५. | ओखरकोट रिङ्गरोड, आरुपाटा हिरापोखरी, ठुला पोखरा खोरपानी, सोरपोखरा रातामाटा, मच्छी टाडापोखरी, हरिय टापु, नेपाने, गहतेरा, सिम बाँदीखोला राजपानी, कल्लेरी झाक्रीसल्ला जाईखोर,मच्छी खहरे,कालढुङ्गा खहरे कल्लेरी मोटरवाटो मर्मत | ५,००,०००। |
| ६. | तपासी धर्गे, धर्गे नेटा, बगरखेत टापु, मजुवा दहखोला सल्लेरी लेख भेडीराख्ने चौर, कुभिण्डे चिचिण्डे मर्कावाङ्ग, मर्कावाङ्ग वोकेटारी, नेटा वडा कार्यालय चिसावाङ्ग नेपाने अर्गेली, हाँसीखोला विष्टटोला तोरवाङ्ग जनैपोखरा टाकुरा, भण्डारी पोखरा निन्युखर्क कुटिचौर जाने बाटो मर्मत | ९,००,०००। |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| ७. | ढाड गब्दी तुषारा उपल्लोकोट दिहाल्ना, कुटिचौर कुताखोला हिड्डाडा तुषारा उपल्लोकोट, राताटारी छातिपाटा पिडाल्ने मच्छी, कुटिचौर कुताखोला कुता तुषारा, तुषारा बागखोर कुता वडखोला लुङ, स्याउलीघारी काप्रेखोला ज्युनेपोखरा, बाटिपोखरी पिपरीपोखरा पूर्णगाउँ, नाथेविसौना ज्ञानेवगर बालिमाटी उपल्लोकोट, हिड्डाडा सुकापोखरा, गोसाईपोखरा सत्य मा.वि. वडा कार्यालय कालिमाटी, पाखापानी जावुने हरियापाटा चमडाचौर, जुकेखोला ज्ञानेवगर चितेपानी, जनैपुन्य उपल्लोकोट दमैगौरा, पिपरी पोखरा घर्ति कुडा, राताटारी चिसावाङ्ग, बेलघारी राताटारी, पयठाटी कालीमाटी, दमैचौर ठेटीपिपल, घर्तिपोखरी झालादेखि ढाल्नेटा, उपल्लोकोटदेखि लुङ्गलेख, हिड्डाड कुता मोटरबाटो मर्मत | ७,७०,०००। |
| ८. | ढाड गब्दी टिमुरचौर, दिहाल्ना टिमुरचौर बसाई, दिहाल्ना झुड्डी, दिहाल्ना लुङ्ग, दिहाल्ना भ्यूपार्क, दिहाल्ना चिफ्ले पहरा, खलापोखरी पाडेमेला दोहोरे विसौना,द्वारेगौडा ईख्राकोट,फूलबारी ठूलाभिर,स्याउलीघारी नाथे विसौना गब्दी,तिरतिरे सल्लेरी नाथे विसौना,गब्दी टुनीका रुख मोटरबाटो मर्मत | ८,००,०००। |

**प्रस्ताव नं. ७ आर्थिक सहयोग सम्वन्धमा।**

**निर्णय नं. ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिले आर्थिक सहयोग मागको लागि पेस गरेको निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | झिमरुक-७, निवासी तारा जि.सी.को आवश्यक सहयोग उपलब्ध गराई दिने सम्वन्धी निवेदन अनुसार | निवेदकको श्रीमान नारायण बहादुर जि.सी.क्यान्सर रोगी भएको हुँदा थप उपचारको लागि काठमाडौं जादा भएको गाडी भाडा खर्चको लागि आर्थिक सहयोग | ३०,०००। | आर्थिक सहायता |

**प्रस्ताव नं. ८ विविध सम्बन्धमा।**

**विविध (क) प्रारम्भिक वातावरणीय परीक्षण ( IEE ) प्रतिवेदन पारित सम्वन्धमा।**

**निर्णय नं. ८ (क)**

**प्रस्ताव नं. ८** विविध (क) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र पर्ने झिमरुक नदी र गर्तङ्गखोलावाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलनको लागि शब्द ईन्जिनियर्स ग्रुप प्रा.लि.बबरमहल,काठमाडौं र झिमरुक गाउँपालिका विच भएको सम्झौता वमोजिम शब्द ईन्जिनियर्स ग्रुप प्रा.लि.बबरमहल,काठमाडौंले तयार पारेको प्रतिवेदन झिमरुक गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को अनुसूची (७) वमोजिम रहेको र त्यसमा समावेश गरिएका विषयवस्तु प्राविधिक रुपमा उपयुक्त देखिएको भनी प्राविधिक समितिबाट पेश भएकोले उक्त IEE प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**विविध (ख) सडकको क्षेत्राधिकार भित्रका घर टहरा हटाउने सम्वन्धमा ।**

**निर्णय नं. ८ ( ख )**

**प्रस्ताव नं. ८** विविध (ख) माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ देखि संघीय सरकारकबाट बहुवर्षिय योजनाको रुपमा समपुरकतर्फ हस्तान्तरित योजनाको बाग्दुला- बतासेडाँडा- मच्छी- लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत (बतासेडाँडा-मच्छी खण्ड कालोपत्रे) योजना बतासेडाँडा ज्यामुरखोला खण्डमा सडकको स्तरउन्नती कार्य भई रहेकोले उक्त सडकको मध्ये विन्दुबाट ७.५ मिटर दायाँ र ७.५ मिटर बायाँ गरी १५ मिटर क्षेत्र सडक ऐन, २०३१ बमोजिम सडकको क्षेत्राधिकार भित्र पर्ने भएको हुँदा उक्त क्षेत्रभित्र पर्ने पक्की संरचनाहरु, कच्ची संरचनाहरु र आसपासमा रहेका निजी सामाग्रीहरु हटाउन सम्बन्धित सरोकारवालाहरुलाई छलफलको लागि गाउँपालिकामा उपस्थितको लागि जानकारी गराउने र छलफल पश्चात संरचना र सामाग्रीहरु हटाउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ग) नदीजन्य पदार्थको ठेक्का लगाउने सम्वन्धमा ।**

**निर्णय नं. ८ ( ग )**

**प्रस्ताव नं. ८** विविध (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका तपसिल वमोजिमका उत्खनन् क्षेत्र/ घाटहरुबाट आ.व. २०८२/८३ मा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन) कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए वमोजिम तपसिलमा उल्लिखित परिमाणमा ठेक्का खोल्न तत्कालै आवश्यक प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स | उत्खनन् क्षेत्र /घाटहरुको नाम | ठेगाना | परीमाण (घन मी.) | खण्ड संख्या |
|---|---|---|---|---|
| १ | झिमरुकखोला खमारीघाट क्षेत्र (१)<br>झिमरुकखोला खमारीघाट क्षेत्र (२) | झिमरुक -३ र ८ | ३७९२.६० | १ |
| २ | झिमरुक खोला बालुवा लामासेरा क्षेत्र | झिमरुक-३,७ र ८ | १५८७.६० | २ |
| ३ | झिमरुक गर्तङ्ग दोभान,छाप्रे क्षेत्र र गर्तङ्ग खोला ( बालुवा) क्षेत्र | झिमरुक-१, ५ र ७ | ३०३८.०० | ३ |
| ४ | झिमरुक खोला चिसावाङ्ग राततारी क्षेत्र (१)<br>झिमरुक खोला चिसावाङ्ग राततारी क्षेत्र (२)<br>झिमरुक खोला गुडगुडे रह क्षेत्र(१)<br>झिमरुक खोला गुडगुडे रह क्षेत्र(२) | झिमरुक-६ र ७ | ३१८०.१० | ४ |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत